22 August 2024

**आकाशवाणी**

**मुख्य समाचार**

- **द्विपक्षीय सम्बन्धलाई कार्यनीतिक सम्बन्धमा परिणत गर्ने भारत अनि पोल्याण्डको निर्णय**
- **राष्ट्रपतिद्वारा प्रोफेसर गोविन्द राजन पद्मनाभन विज्ञान रत्न पुरस्कारले विभूषित**
- **वक्फ संशोधन विधेयकमाथि संयुक्त संसदीय समितिको पहिलो बैठक सम्पन्न**
- **आन्दोलनरत चिकित्सकहरुलाई काममा फर्कन सर्वोच्चको आग्रह, अनि**
- **बीसीसीआईद्वारा २०२५ का लागि भारतको इङ्ल्यान्ड भ्रमणको तालिका सार्वजनिक**

**----------**

**प्रधानमन्त्री पोल्याण्ड भ्रमणमा**

भारत अनि पोल्याण्डले द्विपक्षीय सम्बन्धलाई कार्यनीतिक सम्बन्धमा परिणत गर्ने निर्णय गरेका छन्।

वरसामा पोल्याण्डका प्रधानमन्त्री श्री डोनाल्ड टस्कसँग प्रतिनिधिमण्डलस्तरीय वार्तापछि जारी गरिएको प्रेस बयानमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले यस्तो घोषणा गर्नुभएको छ।

उहाँले यस वर्ष दुवै देशले कूटनीतिक सम्बन्ध स्थापनाको ७०औँ वर्षगाँठ मनाउन लागेको बताउनु भयो । उहाँले भारत र पोल्याण्डबीचको सम्बन्ध लोकतन्त्र र विधिको शासनको साझा मूल्यमा आधारित रहेको बताउनु भयो। श्री मोदीले भन्नुभयो, आजको दिन भारत र पोल्याण्डको सम्बन्धमा धेरै महत्त्वपूर्ण छ किनभने ४५ वर्षपछि पहिलो पल्क कुनै भारतीय प्रधानमन्त्रीले पोल्याण्डको भ्रमण गरेका हुन्।

प्रधानमन्त्रीले भन्नुभयो, २०२२ मा युक्रेन द्वन्द्वमा भारतीय विद्यार्थीहरूलाई सुरक्षित रूपमा बाहिर निकाल्न पोल्याण्डको सहयोगलाई भारतका जनताले कहिल्यै भुल्न सक्दैनन्।

श्री मोदीले भन्नुभयो, भारत र पोल्याण्ड अन्तर्राष्ट्रिय स्तरमा घनिष्ठ सहयोग गर्न इच्छुक छन्। उहाँले दुवै देशले संयुक्त राष्ट्रसङ्घ र अन्य अन्तर्राष्ट्रिय संस्थामा सुधार गर्नुपर्ने आवश्यकता महसुस गरेको बताउनु भयो ।

श्री मोदीले पोल्याण्डका कम्पनीहरूलाई भारतको मेक इन इण्डिया कार्यक्रममा लगानी गर्न र विश्वका लागि उत्पादन गर्न आमन्त्रण गर्नुभयो। श्री मोदीले जनवरी २०२५ मा पोल्याण्डले युरोपेली संघको अध्यक्षता ग्रहण गर्ने बताउनु भयो । उहाँले पोल्याण्डको सहयोगले भारत र युरोपेली संघबीचको सम्बन्धलाई अझ सुमधुर बनाउने विश्वास व्यक्त गर्नुभयो।

युक्रेन र पश्चिम एसियामा जारी द्वन्द्व सबैका लागि गम्भीर चिन्ताको विषय भएको बताउँदै प्रधानमन्त्रीले युद्धबाट कुनै पनि समस्या समाधान गर्न नसक्ने कुरामा भारतको दृढ विश्वास रहेको बताउनु भयो। शान्ति र स्थिरतालाई छिट्टै पुनर्स्थापित गर्न भारतले वार्ता र कूटनीतिलाई समर्थन गर्ने श्री मोदीले बताउनुभयो।

पोल्याण्डका प्रधानमन्त्री श्री डोनाल्ड टस्कले भौगोलिक दूरी, फरक परम्परा र इतिहास भएर पनि दुई देशले एकअर्कालाई राम्ररी बुझेको बताउनु भयो। श्री टस्कले भन्नुभयो, भारतमा लोकतान्त्रिक सरकार भएकोले सारा विश्वले भारतको प्रशंसा गर्छ।

यसअघि प्रधानमन्त्री नरेन्द्र मोदीलाई वार्सामा भव्य स्वागत गरिएको थियो ।

दुई देशको भ्रमणको दोस्रो चरणमा प्रधानमन्त्री भोलि युक्रेन जानु हुनेछ। युक्रेनका राष्ट्रपति श्री भ्लादिमिर जेलेन्स्कीको निमन्त्रणामा प्रधानमन्त्री युक्रेन जानु हुँदैछ। सन् १९९२ मा युक्रेनसँग आपसी सम्बन्ध सुरु भएयता भारतीय प्रधानमन्त्रीको यो पहिलो युक्रेन भ्रमण हो।

**राष्ट्रपति विज्ञान पुरस्कार**

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज राष्ट्रपति भवनमा सन् २०२४ को राष्ट्रिय विज्ञान पुरस्कारले वैज्ञानिकहरूलाई सम्मान गर्नुभयो। राष्ट्रपतिले प्रोफेसर गोविन्द राजन पद्मनाभनलाई 2024 को लागि विज्ञान रत्न पुरस्कारले विभूषित गर्नुभयो। कृषि विज्ञानको क्षेत्रमा विज्ञानश्री पुरस्कार डा. आनन्द रामकृष्णनलाई अर्पण गरिएको थियो। परमाणु उर्जा क्षेत्रमा विज्ञानश्री पुरस्कार भाभा एटोमिक रिसर्च सेन्टर मुम्बईका डा. आवेश कुमार त्यागीलाई प्रदान गरिएको छ । भारतीय विज्ञान शिक्षा अनुसन्धान संस्थान, पुणेका प्राध्यापक श्री जयन्त भालचन्द्र उदगाउँकरलाई जीवविज्ञानको क्षेत्रमा विज्ञानश्री सम्मान प्रदान गरिएको छ।

**दिल्ली पुलिस - अल कायदा**

दिल्ली पुलिस विशेष शाखाले राजस्थानको भिवाडीबाट हतियार तालिम लिइरहेका ६ जनालाई पक्राउ गरेर अल-कायदा प्रेरित आतङ्ककारी मोड्युलको खुलासा गरेको छ। यसबाहेक झारखण्ड र उत्तर प्रदेशबाट पनि आठजना संदिग्ध पक्राउ परेका छन् । यस सम्बन्धमा विभिन्न ठाउँमा सोधपुछ भइरहेको छ । राँचीका १५ स्थानमा र राजस्थान र अलिगढमा एक–एक स्थानमा छापा मारिएको छ ।

**JPC-वक्फ**

वक्फ (संशोधन) विधेयक २०२४ माथि संयुक्त संसदीय समितिको पहिलो बैठक आज नयाँ दिल्लीमा सम्पन्न भयो। समितिलाई संसदले विधेयकमाथि छानबिन गर्ने जिम्मा दिएको छ ।

बैठकमा बोल्दै समितिका अध्यक्ष श्री जगदम्बिका पालले अल्पसंख्यक सङ्गठनबाट सकेसम्म धैरैलाई विधेयकका प्रावधानमाथि छलफल गर्ने अवसर दिने बताउनु भयो । उहाँले सरकारको विधेयक ल्याउनुको उद्देश्य वक्फलाई हस्तान्तरण गरिएको सम्पत्तिबाट पछाडिएका मुस्लिम र महिलालाई सहयोग गर्ने बताउनु भयो । समितिले ४४ वटा संशोधनमाथि छलफल गरी संसदको आगामी अधिवेशनसम्ममा राम्रो र बृहत् कानून ल्याउने श्री पालले बताउनु भयो ।

## सर्वोच्च अदालत कोलकाता मामिला

कोलकाताको राधागोविन्द कर मेडिकल कलेज र अस्पतालमा एक रेसिडेन्स डाक्टरको  बलात्कार र हत्याको मामिलामा केन्द्रीय अनुसन्धान ब्यूरो र कोलकाता पुलिसले आज सर्वोच्च अदालतमा स्थिति रिपोर्ट प्रस्तुत गरे।  सर्वोच्चमा मुद्दाको सुनुवाइ गर्दै मुख्य न्यायाधीश न्यायामूर्ति डी.वाई. चन्द्रचुडले आन्दोलनरत चिकित्सकहरुलाई काममा फर्कन आग्रह गर्दै आन्दोलनले जनस्वास्थ्य प्रणालीमा गम्भीर असर पार्न सक्ने बताउनु भयो। विभिन्न चिकित्सक संघले यस विषयमा निर्देशनका लागि हस्तक्षेप गर्न सर्वोच्चमा निवेदन दिएका छन् । मुद्दाको पछिल्लो सुनुवाइका क्रममा सर्वोच्च अदालतले चिकित्सक र स्वास्थ्यकर्मीको सुरक्षा र महिला हिंसा रोक्नका लागि राष्ट्रिय कार्यदल गठन गर्नेलगायत विभिन्न निर्देशन दिएको थियो।

## RDA-AIIMS RML हडताल फिर्ता

अखिल भारतीय आयुर्विज्ञान संस्थान अनि डा. राम मनोहर लोहिया अस्पतालका रेसिडेन्स डाक्टरहरूले आफ्नो हडताल फिर्ता गरेका छन् । सर्वोच्च न्यायालयको अपील र निर्देशनलाई ध्यानमा राख्दै यो निर्णय गरिएको हो ।

एम्सका रेसिडेन्स डाक्टरहरूले एक विज्ञप्तिमा भनेका छन्, उनीहरू आरजी कर मेडिकल कलेज घटनालाई संज्ञान लिएको अनि देशभरिका स्वास्थ्यकर्मीहरूको सुरक्षाको व्यापक मुद्दामा ध्यान केन्द्रित गरेकोमा सर्वोच्च अदालतको सराहना गर्दछन्। राष्ट्रिय कार्यदल गठनलाई चिकित्सक संघले पनि स्वागत गरेको छ ।

## शिवराज-लखपति

कृषिमन्त्री श्री शिवराजसिंह चौहानले नयाँ सरकार बनेको पहिलो सय दिनमै ११ लाख महिला लखपति दिदी बनेको बताउनु भएको छ।  नयाँ दिल्लीमा श्री चौहानले भन्नुभयो, प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आइतबार महाराष्ट्रको जलगाउँमा आयोजित एक कार्यक्रममा यी महिलाहरूलाई प्रमाणपत्र हस्तान्तरण गर्नु हुनेछ।

कार्यक्रममा लगभग एक लाख दिदीहरुको सहभागिता रहनेछ । यस बाहेक देशभरि विभिन्न कार्यक्रममा प्रमाणपत्र वितरण गरिने उहाँले जानकारी दिनु भयो ।

श्री चौहानले भन्नुभयो, यस अवसरमा प्रधानमन्त्रीले स्वयम्-सहायता समूहहरूलाई अढाई हजार करोड रुपियाँको कोष जारी गर्नुहुनेछ। यस रकमबाट चार लाख स्वयम्-सहायता समूह लाभान्वित हुनेछन्। प्रधानमन्त्रीले यी समूहहरूलाई 5 हजार  करोड रुपियाँ ऋण पनि जारी गर्नुहुनेछ।

भर्चुअल माध्यमद्वारा यो कार्यक्रममा देशभरिबाट लगभग ५० लाख दिदीहरू सहभागी हुनेछन् । प्रधानमन्त्री श्री मोदीले देशमा तीन करोड लखपति दिदी बनाउने महत्वाकांक्षी लक्ष्य राखेको कृषिमन्त्रीले बताउनु भयो ।

**नीरज-डायमण्ड लिग**

दुई पल्टका ओलम्पिक पदक विजेता नीरज चोपडाले आज राति स्विट्जरल्याण्डको प्रतिष्ठित लुसन डायमण्ड लिगमा पुरुष जेभलिङ थ्रो प्रतियोगितामा प्रतिस्पर्धा गर्नेछन्। २६ वर्षीय नीरज चोपडा पेरिस ओलम्पिक २०२४ मा रजत पदक जितेपछि यस प्रतियोगितामा सहभागी हुँदैछन्।

**BCCI - इङ्गल्याण्ड तालिका**

भारतीय क्रिकेट कन्ट्रोल बोर्ड बीसीसीआईले २०२५ को लागि भारतको इङ्ल्यान्ड भ्रमणको तालिका सार्वजनिक गरेको छ। भ्रमणका क्रममा २० जुलाईदेखि ४ अगस्तसम्ममा पाँच टेस्ट सिरिज खेलिने जनाइएको छ।

यसअघि अर्को वर्ष २२ जनवरीदेखि १२ फरवरीसम्म पाँच टी–20 र तीन एकदिवसीय सिरिज खेल्न इंग्ल्याण्डको टीम भारत भ्रमणमा आउनेछ।

**अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट**

- **द्विपक्षीय सम्बन्धलाई कार्यनीतिक सम्बन्धमा परिणत गर्ने भारत अनि पोल्याण्डको निर्णय**
- **राष्ट्रपतिद्वारा प्रोफेसर गोविन्द राजन पद्मनाभन विज्ञान रत्न पुरस्कारले विभूषित**
- **वक्फ संशोधन विधेयकमाथि संयुक्त संसदीय समितिको पहिलो बैठक सम्पन्न**
- **आन्दोलनरत चिकित्सकहरुलाई काममा फर्कन सर्वोच्चको आग्रह, अनि**
- **बीसीसीआईद्वारा २०२५ का लागि भारतको इङ्ल्यान्ड भ्रमणको तालिका सार्वजनिक**

--------